# ऐसेलुखर्क गाउँपालिकाको प्रशासकीयकार्यविधि (नियमितगर्ने) ऐन, २०७५

**प्रमाणीकरण मिति :** २०७५/०३/२७

**प्रस्तावना:** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीयतहलाई तोकिएको अधिकार क्षेत्रभित्रकाविषयमाआवश्यककानूनबनाई प्रशासकीयकार्यविधिनियमितगर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिमऐसेलुखर्क गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्तनाम, विस्तार र प्रारम्भ** : (१) यो ऐनको नामऐसेलुखर्क गाउँपालिकको प्रशासकीयकार्यविधि (नियमितगर्ने) ऐन, २०७५ रहेको छ ।

(२) यो ऐनऐसेलुखर्कगाउँपालिका क्षेत्रभित्र तुरुन्तलागू हुनेछ ।

२. **परिभाषा** : (१) बिषयवाप्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “ऐन”भन्नाले ऐसेलुखर्कगाउँपालिकाको प्रशासकीयकार्यविधि (नियमितगर्ने) ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) “कार्यपालिका” भन्नाले ऐसेलुखर्कगाउँकार्यपालिकासम्झनु पर्छ ।

(ग) “गाउँपालिका”भन्नाले ऐसेलुखर्कगाउँपालिका सम्झनु पर्छ ।

(घ) “सभा”भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभासम्झनु पर्छ ।

(ङ) “संविधान”भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. **नियमबनाउने अधिकार** : (१) नेपालको संविधानतथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिमगाउँपालिकालाई तोकिएकाअधिकार क्षेत्रभित्रकाविषयमातोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधिनियमितगर्नको निमित्तऐसेलुखर्कगाउँकार्यपालिको आवश्यकनियमबनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिमनियमबनाउँदा संघीय तथाप्रदेश कानूनबमोजिम स्थानीयतहको क्षेत्राधिकार भित्र पर्ने विषयमामात्रबनाउनु पर्नेछ ।

४.**निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने:**(१) संविधान, ऐन तथा यस ऐन अन्तरगतवनेको नियमावलीको अधिनमा रहीऐसेलुखर्कगाउँकार्यपालिकाले आवश्यकताअनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।

५. **यसै बमोजिमभएको मानिने** : यस ऐन लागु हुनुपूर्व गाँउकार्यपालिकाले बनाई लागु गरेकानियम,नियमावली,कार्यविधि,आदेश तथानिर्देशिकाहरु यसै ऐनबमोजिमभएको मानिनेछ ।

ऐसेलुखर्क गाँउपालिका